# नारायणी सामुदायिक वन उपभोक्ता समूह

गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
पान नं : ६१९२५३५९०

# निर्वाचन नियमावली २०८२

# नारायणी सामुदायिक वन उपभोक्ता समूह
## गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## निर्वाचन नियमावली २०८२

प्रस्तावना:

नारायणी समुदायिक वन उपभोक्ता समूहको दैनिक तथा बिषेश कार्यक्रम संचालन तथा नेपाल सरकारको सामुदायिक वन बिकाश कार्यक्रमको मार्गदर्शन वमोजिम समूहका उपभोक्ता सदस्यहरुद्वारा लोकतन्त्रको मुल सिद्धान्त अवलम्वन गरी निर्वाचन अभ्यासलाई निरन्तरता दिँदै यस नारायणी सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ता सदस्यहरुद्वारा निर्वाचित पदाधिकारीहरु मार्फत समूह संचालन गर्न कार्य समिति, लेखा समिति र अनुगमन र मुल्याङ्कन समिती गठन गर्न समूहको विधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ देखी ५.४ सम्मको अधिनमा रहि यो निर्वाचन नियमावली २०८२ तयार गरिएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ:

क) यस नियमावलीको नाम नारायणी सामुदायिक वन उपभोक्ता समूहको "निर्वाचन नियमावली २०८२" हुनेछ ।

ख) यो नियमावली समूहको कार्य समिति, लेखा समिति र अनुगमन र मुल्याङ्कन समितिको निर्वाचनका लागि प्रयोग गरिनेछ ।

ग) यो नियमावली साधारण सभाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

२ परिभाषा

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

क) "विधान" भन्नाले यस नारायणी सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत बिधान २०७० प्रथम संशोधन २०८२ लाई सम्भनु पर्दछ ।

ख) "समूह" भन्नाले यो बिधान अन्तरगत स्थापित नारायणी सामुदायिक वन उपभोक्ता समूहलाई सम्भनु पर्दछ ।

ग) "कार्यकारीणी समिति वा कार्य समिति" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिलाई सम्भनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको अध्यक्षलाई जनाउदछ ।

ङ ) "उपाध्यक्ष" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको उपाध्यक्षलाई जनाउदछ ।

च) "सचिव" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको सचिवलाई जनाउदछ ।

छ) "कोषाध्यक्ष" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको कोषाध्यक्षलाई जनाउदछ ।

ज) "सहसचिव" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको सहसचिवलाई जनाउदछ।

झ) "सदस्य" भन्नाले यस समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ बाट छनौट भएको कार्य समितिको सदस्यलाई जनाउदछ।

ञ) "लेखा समिति" भन्नाले समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.३ को उपदफा २ र ३ मा उल्लेख गरिएको लेखा समितिलाई सम्झनु पर्दछ।

ट) "लेखा समिति संयोजक" भन्नाले लेखा समितिको संयोजकलाई जनाउदछ।

ठ) "लेखा समिति सदस्य" भन्नाले लेखा समितिको सदस्यलाई जनाउदछ।

ड) "अनुगमन र मुल्याङ्कन समिति" भन्नाले समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.३ को उपदफा २ मा उल्लेख गरिएको अनुगमन र मुल्याङ्कन समितिलाई सम्झनु पर्दछ।

ढ) "अनुगमन र मुल्याङ्कन समिति संयोजक" भन्नाले अनुगमन र मुल्याङ्कन समितिको संयोजकलाई जनाउदछ।

ण) "अनुगमन र मुल्याङ्कन समिति सदस्य" भन्नाले अनुगमन र मुल्याङ्कन समितिको सदस्यलाई जनाउदछ।

त) "उप समिति" भन्नाले समूहवाट सम्पादन गरिने बिभिन्न क्रियाकलापहरुलाई कार्य समितिलाई सघाउ पूऱ्याउन सो कार्यसमितिले तोकिएको व्यक्ति वा समूहलाई सम्झनु पर्दछ।

थ) "सेवा" भन्नले समूहले वैदानिक नियूक्त दिईएको कर्मचारी र समूहको कार्यगत शिलशिलामा खटिएका स्वयम्सेवी व्यक्तिलाई समूहद्वारा दिईने सुविधा भत्ता सहुलियत आदि वापत निजले वहन गर्नु पर्ने कर्तव्य र उत्तरदायित्व भन्ने वुझिन्छ।

द) "कर्मचारी" भन्नाले समूहको कार्य संचालन गर्न स्वीकृत दरवन्दी का बिभिन्न पदमा नियमित ज्यालादारी तथा करार नियूक्ती प्राप्त गरि काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

ध) "स्वयम्सेवी" भन्नाले समूहको कार्य शिलशिलामा स्व-ईच्छाले आधारभूत पारिश्रमिक नलिई आवधिक सेवाको लागि खटिएका व्यक्तिलाई जनाउदछ।

न) "उपभोक्ता सदस्य" भन्नाले सामुदायिक वनको बिधान २०७० प्रथम संशोधन २०८२ को अनुसुची २१ मा समावेश .भएका उपभोक्ता लाई सम्झनु पर्दछ।

प) "बिपन्न वर्ग" भन्नाले समूहको बिधान २०७० प्रथम संशोधन २०८२ को अनुसुची २१ मा समावेश भएका उपभोक्ताहरु मध्ये सम्पन्न स्तरिकरणमा ग र घ वर्गमा पर्ने उपभोक्ता लाई जनाउछ।

फ) "निर्वाचन" भन्नाले यस समूहको कार्य समिति, लेखा समिति र अनुगमन र मुल्याङ्कन समितिको निर्वाचनलाई सम्झनु पर्दछ र यो शब्दले उप-निर्वाचनलाई समेत जनाउँदछ।

ब) "निर्वाचन समिति" भन्नाले कार्य समितिले गठन गरेको र साधारण सभाबाट अनुमोदित निर्वाचन समितिलाई जनाउँदछ।

भ) "निर्वाचन संयोजक" भन्नाले कार्य समितिले निर्वाचन प्रमुखको रुपमा तोकी साधारण सभाबाट अनुमोदन भएको व्यक्तिलाई सम्झनु पर्दछ।

म) "निर्वाचन सदस्य" भन्नले कार्य समितिले निर्वाचन सम्पन्न गर्न सदस्यका रुपमा तोकी साधारण

सभावाट अनुमोदन गराएका व्यक्तीहरुलाई सम्भनु पर्दछ ।

य) "मतदान" भन्नाले यस नियमावलीको २ को ग, ञ र ड का समितिहरुका पदहरुको निर्वाचन गोप्य मतदानद्वारा गर्ने कार्यलाई सम्भनु पर्दछ ।

र) "मतदान अधिकृत" भन्नाले निर्वाचन समितिको संयोजकले मतदानको कार्य सञ्चालन गर्न तोकेको व्यक्तिलाई सम्भनु पर्दछ ।

ल) "मतदाता" भन्नाले समूहको विधान २०७० प्रथम संशोधन २०८२ अनुसार समूहमा आवद्ध भएका उपभोक्ता सदस्यहरुलाई सम्भनु पर्दछ ।

व) "उम्मेदवार" भन्नाले यस समूहको विधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.४ मा तोकिएको कार्य समिति, लेखा समितिका र अनुगमन र मुल्याङ्कन समितिका पदहरुमा उम्मेदवार हुन योग्यता पुरा भएका प्रतिनिधिहरुलाई सम्भनु पर्दछ ।

स) "पद" भन्नाले समूहको विधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.१ को उपदफा १ र दफा ५.३ को उपदफा २ मा तोकिएको समितिहरुको पदहरुलाई सम्भनु पर्दछ ।

३) <u>निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गर्ने:</u>

कार्य समिति, लेखा समिति र अनुगमन र मुल्याङ्कन समितिको पदाधिकारीहरुको निर्वाचनको लागि कम्तिमा ७ दिन अगावै निर्वाचन समितिको बैठक बसी अनुसूचि १ को ढाँचा अनुसार निर्वाचनको सूचना समूहको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

४) <u>मतदाता नामावली प्रकाशित गर्ने:</u>

निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूचि २ बमोजिमको ढाँचामा मतदाता नामावली प्रकाशित गरिनेछ र सो को मुचुल्का अनुसूचि ३ को ढाँचा बमोजिम तयार गरिनेछ । छुटफुट भएको मतदाताको नाम थपघट गर्न मनासिव म्याद दिई थपघट गरिनेछ ।

५) <u>अन्तिम नामावली प्रकाशन गर्ने:</u>

प्रकाशित नामावली उपर कुनै दावी विरोध, नाम, थर, उमेर, सदस्यता नं. छुट वा फरक परेमा मनासिव समय दिई सच्याउने व्यवस्था गरिनेछ साथै दाबी विरोधका लागि प्राप्त निवेदन माथि छानविन गरी अनुसूचि २ बमोजिमको ढाँचामा अन्तिम मतदाता नामावली पुनः प्रकाशित गरिनेछ ।

६) <u>उम्मेदवारबाट दरखास्त लिने:</u>

क) समूहको तोकिएको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूचि ४ बमोजिमको ढाँचामा अध्यक्ष, लेखासंयोजक र अनुगमन र मुल्याङ्कन समिति संयोजकका लागि रु १,५००।- उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सह-सचिव को लागि १,०००।- र अन्य सदस्यहरुका लागि रु ५००।- दस्तुर बुझाउनुपर्नेछ ।

ख) उम्मेदवारको लागि दरखास्त दिँदा १ जना प्रस्तावक र १ जना समर्थकको सही भएको हुनुपर्नेछ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

७) <u>उम्मेदवारको नामावली प्रकाशन:</u>

निर्वाचन संयोजकले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची ५ बमोजिमको ढाँचामा तयार गरी वर्णानुक्रम अनुसार प्रकाशित गर्नेछ ।

८) <u>उम्मेदवार उपर दावी विरोध र नाम फिर्ता:</u>

क) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन आवश्यक समय तोकि म्याद दिइनेछ ।

ख) तोकिएको समय भित्र दरखास्त दिने उम्मेदवारहरुको सम्बन्धमा कुनै दावी विरोध भएमा अनुसूचि ६ बमोजिमको ढाँचामा दरखास्त पेश गर्न सकिनेछ । यसै दफा अनुसार प्राप्त दावी विरोधका दरखास्तहरु छानविन गरी नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरुको नामावली प्रकाशित गरिनेछ ।

ग) तोकिएको समय भित्र उम्मेदवारले नाम फिर्ता लिन चाहेमा अनुसूचि ७ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ । तोकिएको समय पछि आएका निवेदन उपर कुनैपनि कारवाहि हुनेछैन ।

घ) निर्वाचन समितिले नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

९) <u>एक व्यक्ति एक पदको लागि उम्मेदवार हुन पाउने:</u>

एउटा निर्वाचनमा एक व्यक्ति एउटा पदमा मात्र उम्मेदवार हुन पाउनेछ ।

१०) <u>उम्मेदवारको योग्यता:</u>

१०.१ देहायको व्यक्ति उम्मेदवारको लागि योग्य मानिनेछ ।

क) समूह प्रति सकारात्मक सोच भएको ,

ख) समूहको उपभोक्ता सदस्यता प्राप्त गरेको अवधि कम्तिमा १ वर्ष पूरा भएको, उपभोक्ता सदस्यको महिला वा पुरुष (श्रीमान वा श्रीमती) मध्ये एकाघरको एक जनाले मात्र उमेद्वारी दिन पाउने छ। परिवारका अन्य सदस्यहरुले उमेद्वारी  दिन पाईने छैन ।

ग) गत आर्थिक बर्षको असार मसान्त सम्मको सदस्यता नविकरण गरेको,

घ) समूहको सम्पत्ति हिनामिना नगरेको वा बेरुजु नभएको,

ङ) मानसिक सन्तुलन ठीक भएको,

च) फौजदारी अभियोग नलागेको,

छ) कार्य समितिको अध्यक्ष पदको लागि कम्तीमा एक कार्यकाल कार्य समितिको पदाधिकारी, लेखा संयोजक, अनुगमन र मुल्याङ्कन संयोजक, कार्यदल, सल्लाहकार वा निर्वाचन समितिमा बसी कार्य गरेको हुनु पर्ने छ । पदाधिकारी पदहरुमा विगतमा कार्य समिति

सदस्य, लेखा समिति र अनुगमन र मुल्याङ्कन समिति सदस्य पदहरु मध्ये कुनै एक पदमा रही कार्य गरेका व्यक्तिहरुले मात्र उम्मेदवारी दिन पाउनेछन । कार्य समितिको सदस्य पदको लागि र लेखा समिति र अनुगमन र मुल्याङ्कनको पदहरुको लागी उपभोक्ता सदस्यले उम्मेदवारी दिन सक्नेछन् ।

ज) लेखा समिति संयोजकका लागी सम्वन्धीत विषयमा +२ वा सो सरह पास गरेको वा लेखा सम्बन्धि आधारभुत ज्ञान तथा तालिम भएको व्यक्ति हुनुपर्नेछ ।

झ) कोषाध्यक्ष पदको लागि व्यवस्थापनमा +२ गरेको वा आधारभुत लेखा सम्बन्धि पूर्ण ज्ञान भएको व्यक्ति हुनु पर्नेछ ।

ञ) अध्यक्ष, समिति संयोजक र पदाधिकारीको हकमा एउटै पदमा लगातार २ कार्यकाल सम्म कार्य गरेको व्यक्तीले उमेद्वारी दिन पाईने छैन ।

ट) सचिव र सह सचिवका लागि वैठकको निर्णय लेख्न, वार्षिक कार्यक्रम तयार गर्न सक्ने योग्यता भएको हुनु पर्ने छ ।

ठ) अन्य कुनै कार्यालयमा कार्यरत वा निजामती सेवामा वहालवाला कर्मचारीले कार्य समितिको कुनै पनि पदमा उमेद्वारी दिन पाईनेछैन ।

१०.२ विशेष व्यवस्था

क) वन नियमावलि २०७९ को परिच्छेद-६ दफा-४२ को उप दफा ८ वमोजिम समूहको कार्य सन्चालनका लागि वढिमा १५ सदस्यीय कार्यसमिति रहने छ कार्य समितिको अध्यक्ष वा सचिव मध्ये एक पद र उपाध्यक्ष र कोषाध्यक्ष मध्ये एक पद सहित कार्य समितिमा कम्तीमा ५० प्रतिशत महिला प्रतिनिधित्व भएको हुनुपर्दछ ।

ख) समूहको विधान २०७० प्रथम संशोधन २०८२ को अनुसुची १, वमोजिम पदाधिकारीको छनोट गर्दा विधान वमोजिमको संख्यामा सवै वर्ग, धर्म, जातजाती, महिला पुरुष आदिको प्रतिनिधित्व हुने तवरवाट आम सहमती द्वारा छनोट गरिने छ । आम सहमती जुट्न नसकेमा मात्र निर्वाचन प्रकृयावाट समिति गठन गरिनेछ ।

ग) आम सहिमतीका लागि सहमती जुटाउन प्रयास गरिनु पर्ने छ । सहमतिको प्रयास गर्दा पनि सहमती जुटाउन नसकेमा साधारण सभा भएको मितिले वढिमा ३० दिन भित्र निर्वाचन प्रकृयावाट भए पनि समितिहरु गठन गरि सक्नुपर्ने छ ।

घ) अर्को समिति गठन नहुदा सम्म पूरानो कार्य समितिले नै काम चलाउ समितिको रुपमा समूहको दैनिक कार्य संचालन मात्र गर्न सक्ने छ ।

११) <u>निर्वाचन समिति :</u>

समूहको विधान २०७० प्रथम संशोधन २०८२ को दफा ५.२ को उपदफा ४ अनुसार निर्वाचन संयोजक १ जना र कम्तिमा २ जना महिला सदस्य सहित ५ जनाको निर्वाचन समिति गठन गरिनेछ । कार्य समिति, लेखा समिति र अनुगमन र मुल्याङ्कन समितिको गठन प्रक्रिया पुरा गरि पद हस्तान्तरण पश्चात यस समितिको कार्य अवधि सम्पन्न भएको मानिनेछ ।

१२) **निर्वाचन समितिको काम, कर्तव्य र अधिकार:**

क) निर्वाचन कार्य तालिका प्रकाशन गर्ने र मतदाता नामावली संकलन गरी प्रकाशन गर्ने

ख) मतपत्र तयार गर्ने

ग) मतपेटिका व्यवस्था गर्ने

घ) मत संकलनको व्यवस्था गर्ने

ङ) मतदान केन्द्रको सुरक्षा व्यवस्था गर्ने

च) मतदान सम्बन्धी कुनै प्रकारको उजुर पर्न आएमा जाँच गरी अन्तिम निर्णय दिने

छ) रीत नपुगेको उम्मेदवारी पत्र बदर गर्ने

ज) मतगणना गर्ने र निर्वाचन परिणाम घोषणा गर्ने

झ) निर्वाचित सदस्यहरुलाई सपथ गहण गराउने

ञ) निर्वाचित उम्मेदवारलाई प्रमाण पत्र दिने

ट) निर्वाचन सम्बन्धी व्याख्या गर्ने, निर्णय दिने र अन्य आवश्यक कार्यहरु गर्ने, गराउने

ठ) निर्वाचन सम्बन्धमा कुनै वाधा अड्काउ परेमा निर्वाचन समितिले वाधा अडकाउ फुकाउनेछ

ड) निर्वाचन प्रकृयामा जानुभन्दा अगाडी सामुहिक छलफल गरि सकेसम्म सर्वसम्मत, निर्विरोध रुपमा तोकिएका समितिहरु गठन गर्ने प्रयास गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा मात्र निर्वाचन प्रकृयामा जानु पर्नेछ ।

१३) **मत पत्र**

मत पत्रलाई अनुसूची ९ बमोजिमको ढाँचामा तयार गरिनेछ । उक्त मतपत्रको बायाँपट्टिको खाली कोठामा वर्णानुक्रम अनुसार सम्बन्धित उम्मेदवारको नाम लेखिनेछ भने दायाँपट्टिको खाली कोठामा निर्वाचन समितिले व्यवस्था गरेको कलमले ठीक (✓) वा स्वस्तीक चिन्ह (卐) लगाई मत संकेत गरिनेछ ।

१४) **मतदान केन्दमा प्रवेश निषेध**

निर्वाचन संयोजकले तोकेको व्यक्ति बाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

१५) **प्रतिनिधि नियुक्ति:**

कुनै उम्मेदवारले आफनो तर्फबाट निर्वाचनको मतदान कार्य तथा मतगणनाको रेखदेख गर्न मतदाताहरु मध्येबाट कुनै १ जनालाई प्रतिनिधि नियुक्ति गर्न चाहेमा अनुसूचि १० मा तोकिएको ढाँचामा मतदान अधिकृत समक्ष निवेदन दिन सक्नेछ । तर प्रतिनिधी नियूक्ति गर्दा निवेदन दिन उम्मेदवार आफू उपस्थित हुनु पर्ने छ प्रतिनिधि मार्फत पठाउन पाउने छैन । मतगणना गर्ने समयमा उम्मेदवार स्वयं वा निजले तोकेको प्रतिनिधि उपस्थित नरहेमा पनि मतगणना गर्न वाधा पर्नेछैन ।

१६) **मतपेटिकामा मतदान गर्ने**

क) मतदानको लागि मत पेटिकाको प्रयोग गरिनेछ । मतदान शुरु हुनुभन्दा अघि उक्त रित्तो मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राखिनेछ ।

ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाइनेछ ।

ग) मतदातालाई एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन लगाइनेछ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिइने छैन ।

घ) अशक्त , अपाङ्ग वा मतदाता स्वयंले मतदान गर्न नसक्ने अवस्थामा मतदान अधिकृतको स्विकृतमा निजले इच्छाएको व्यक्ति (हकवाला) वा एकाघरको व्यक्तिको सहयोगमा मतदान गर्न सक्नेछन् ।

ङ) मतदाताले मतदान अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर उक्त मतपत्र मतपेटिकामा खसालिनेछ ।

च) मतदान कार्य समाप्त भएपछि अनुसुचि ११ को ढाँचा अनुसार मतदान समाप्त भएको मुचुल्का खडा गरिनेछ र त्यसपछि त्यसै ठाउँमा मतगणना गरिनेछ ।

१७) **मतदान स्थगितः**

मतदान कार्यमा विवाद भै मतदान कार्य हुन नसक्ने स्थिति भएमा मतदान अधिकृतले सो कुरा प्रमाणित गरी निर्वाचन स्थगित गर्न सक्नेछ ।

१८) **निर्वाचन प्रचार प्रसारः**

निर्वाचन समितिले निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनेछ । निर्वाचन शुरु भएपछि मतदान स्थलमा गई प्रचार प्रसार गरि मत माग्न पाइनेछैन ।

१९) **सदर वा बदर मतपत्रः**

क) मत संकेत गर्दा आफुले मत दिन चाहेको उम्मेदवारको नाम, थर भएको कोठाभित्र पर्ने गरी ठिक चिन्ह (✓) वा (卐) स्वस्तीक चिन्ह लगाउनुपर्दछ ।

ख) दुई उम्मेदवारको कोठाहरुमा पर्ने गरी रेजा/ठिक (✓) वा (卐) स्वस्तीक चिन्ह लगाई २ मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा रेजा वा स्वस्तीक चिन्ह नै नलगाएमा र मतदान अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछ ।

ग) एक उम्मेदवारको कोठामा रेजा वा स्वस्तीक चिन्ह लगाएको तर रेजा वा स्वस्तीक चिन्ह धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

घ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन संयोजक(अधिकृत)को निर्णय अन्तिम हुनेछ ।

२०) **विवाद व्यवस्थापन:**

निर्वाचन प्रक्रिया, मत गणना र अन्य कुनै परिस्थितिमा कुनै पनि प्रकारको विवाद उत्पन्न भएमा निर्वाचन संयोजकको पहलमा निर्वाचन समिति र समूहका पूर्व अध्यक्षहरुसंगको समन्वयमा विवाद व्यवस्थापन गरिने छ ।

२१) **निर्वाचन परिणाम घोषणा:**

क) निर्वाचनको परिणाम अनुसूचि १२ बमोजिमको ढाँचामा मतगणना परिणाम मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गरिनेछ ।

ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गरी पहिलो हुने उम्मेदवारलाई विजयी घोषित गरिनेछ ।

ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गरिनेछ ।

२२) **निर्विरोध घोषणा गर्ने:**

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या भन्दा बढी नभएमा निर्वाचन संयोजकले निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

२३) **गोलाहाली निर्णय गर्ने:**

मतगणनामा १ भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषणा गरिनेछ ।

२४) **चित्त नबुझे उजुर गर्न सक्ने:**

निर्वाचन समितिबाट गराएको निर्वाचनमा यस नियमावली अनुसार रितपूर्वक भएन भनी साधारण सभा/निर्वाचन सकिएको मितिले ७ (सात) दिन भित्र निर्वाचनमा उम्मेदवार भै चित्त नबुझेको व्यक्तिले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ ।

२५) **कागजपत्र पेश गर्ने:**

मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन संयोजकले मतदान सम्बन्धी सम्पुर्ण कागजातहरु समूहको कार्यालयमा बुझाउनुपर्नेछ ।

२६) **प्रमाण पत्र दिने:**

निर्वाचन संयोजकले निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची १३ बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गर्नेछ ।

२७) **सपथ ग्रहण:**

विजयी उम्मेदवारलाई निर्वाचन संयोजकले समूहको विधान २०७० प्रथम संशोधन २०८२ को अनुसूची २० मा लेखिए अनुसारको ढाँचामा पदको सपथ ग्रहण गराउनेछ ।

**अनुसूचि-१**

# नारायणी सामुदायिक वन उपभोक्ता समूह

**गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

(निर्वाचन नियमावलीको दफा ३ सँग सम्बन्धित)

<u>निर्वाचन कार्यक्रम</u>

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| | | मतदाता नामावली प्रकाशन |
| | | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| | | अन्तिम नामावली प्रकाशन |
| | | उम्मेदवारी दर्ता |
| | | उम्मेदवारको नामावली प्रकाशन |
| | | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| | | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| | | मतदान कार्यक्रम |
| | | मतगणना |
| | | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |
| कार्यक्रम समापन | | |

संयोजक

निर्वाचन समिति

**अनुसूचि-२**

(निर्वाचन नियमावलीको दफा ४ र ५ सँग सम्बन्धित)

मतदाता नामावली

# नारायणी सामुदायिक वन उपभोक्ता समूह

**गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

<u>मतदाता नामावली</u>

| क.सं. | मतदाताको नाम (महिला/पुरुष) | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूचि-३

(निर्वाचन नियमावलीको दफा ४ सँग सम्बन्धित)

# नारायणी सामुदायिक वन उपभोक्ता समूह

**गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

<u>मतदाता नामावली प्रकाशित गरेको मुचुल्का</u>

नारायणी सामुदायिक वन उपभोक्ता समूहको कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिका पदहरुको मिति २०   /   /   गतेको दिन हुने निर्वाचनको लागि समूह अन्तर्गतका मतदाता नामावली मिति २०   /   /   गतेका दिन हाम्रो रोहवरमा ..................... ठाउँमा टाँसेको ठीक साँचो हो ।

रोहवरको सही

१. ......................................

२. ........................................

३. ........................................

४. ..........................................

मितिः २०   /   /

.......................................................

संयोजक

निर्वाचन समिति

**अनुसूचि - ४**

(निर्वाचन नियमावलीको दफा ६ क सँग सम्बन्धित)

# नारायणी सामुदायिक वन उपभोक्ता समूह

**गैंडाकोट ६, ७ र ९ नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**

उम्मेदवारी दरखास्त फाराम

मितिः २०/    /

श्री निर्वाचन संयोजक ज्यू,

नारायणी सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) ।

विषयः उम्मेदवारी दरखास्त सम्बन्धमा ।

*महोदय,*

नारायणी सामुदायिक वन उपभोक्ता समूहको कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको .................... पदको निर्वाचनमा उम्मेदवार हुनको लागि जमानत स्वरुप रु. ......।- को यसै साथ संलग्न नगद दाखिला रसिद र निम्न प्रस्तावक एवं समर्थक समेत जुटाई यो उम्मेदवारी दरखास्त पेश गरेको छु ।

| प्रस्तावक | | समर्थक | |
|---|---|---|---|
| नाम | : | नाम | : |
| पद | : | पद | : |
| उपभोक्ता सदस्य नं. | : | उपभोक्ता सदस्य नं. | : |
| हस्ताक्षर | : | हस्ताक्षर | |

भवदीय

उम्मेदवारको दस्तखत :
उम्मेदवारको नाम :
ठेगाना :
उमेर :
मतदाता क्रमसंख्या :
उपभोक्ता सदस्य नं. :

## अनुसूचि ५
(निर्वाचन नियमावलीको दफा ७ सँग सम्बन्धित)

### उम्मेदवारहरुको नामावली सूचि

नारायणी सामुदायिक वन उपभोक्ता समूहको कार्य समिति र लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको पदहरुका लागि मिति २०   /   /   मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लाीग यो नामावली सूचि प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | लिङ्ग | पद | उपभोक्ता सदस्य नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मितिः २०   /   /

.......................................................
संयोजक
निर्वाचन समिति

## **अनुसूचि ६**

(निर्वाचन नियमावलीको दफा ८ क सँग सम्बन्धित)

<u>उम्मेदवार उपर दावी विरोध</u>

मितिः २०/    /

निर्वाचन संयोजक ज्यू,

नारायणी सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)।

विषयः- <u>उम्मेदवार प्रति दावी विरोध ।</u>

*महोदय,*

यस नारायणी सामुदायिक वन उपभोक्ता समूह गैंडाकोट ६, ७ र ९, नवलपरासी ( वर्दघाट सुस्ता पूर्व) . को कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको ................ पदको उम्मेदवार हुनु भएका श्री ................................. समूहको विधान २०७० प्रथम संशोधन २०८२ तथा निर्वाचन नियमावली २०८२ अनुसार ......................... कारणले सो पदको उम्मेदवार बन्न अयोग्य हुनु भएकोले निर्वाचन नियमावलीको दफा ८ ले दिएको अधिकार प्रयोग गरी निजको उम्मेदवारी प्रति मेरो विरोध भएकोले छानविन गरी पाउन अनुरोध छ ।

<u>भवदीय</u>

दस्तखतः

नामः

उपभोक्ता सदस्यता नं.

# अनुसूचि ७

(निर्वाचन नियमावलीको दफा ८ ग सँग सम्बन्धित)

उम्मेदवारीबाट नाम फिर्ता

मितिः २०/    /

निर्वाचन संयोजकज्यू,

नारायणी सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) ।

विषयः- उम्मेदवारीबाट नाम फिर्ता

महोदय,

यस नारायणी सामुदायिक वन उपभोक्ता समूहको कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको ................ पदमा उम्मेदवारी दरखास्त दिएकोमा मलाई निर्वाचनमा प्रतिस्पर्धा गर्ने इच्छा नभएकोले मेरो उम्मेदवारी फिर्ता गरी पाउन अनुरोध छ ।

भवदीय

दस्तखतः

नामः

उपभोक्ता सदस्य नं. :

# अनुसूचि ८

(निर्वाचन नियमावलीको ८ घ सँग सम्बन्धित)

## उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन

नारायणी सामुदायिक वन उपभोक्ता समूहको कार्य समिति र लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको पदहरुका लागि मिति २०  /  /  मा हुने निर्वाचनमा उम्मेदवारहरुको अन्तिम नामावली यस प्रकार रहेको छ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | लिङ्ग | पद | उपभोक्ता सदस्य नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मितिः २०  /  /

..........................................................

संयोजक

निर्वाचन समिति

**अनुसूचि ९**

(निर्वाचन नियमावलीको दफा १३ सँग सम्बन्धित)

<u>मतपत्र</u>

## नारायणी सामुदायिक वन उपभोक्ता समूह

गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

निर्वाचन हुने पदः ..............................

| **क्र.सं.** | **उम्मेदवारको नाम, थर (वर्णानुक्रम अनसार)** | **मत संकेत गर्ने कोठा** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

मितिः २०    /    /

........................................

संयोजक

निर्वाचन समिति

## अनुसूचि १०

(निर्वाचन नियमावलीको दफा १५ सँग सम्बन्धित)

<u>प्रतिनिधि नियुक्त</u>

मितिः २०/ /

श्रीमान् निर्वाचन संयोजकज्यू,
नारायणी सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)।

विषयः <u>प्रतिनिधि मनोनयन सम्बन्धमा।</u>

*महोदय,*

यस नारायणी सामुदायिक वन उपभोक्ता समूह को कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको ..................... पदमा म उम्मेदवार भएको र मेरो विशेष कामले गर्दा मतगणनाको समयमा उपस्थित हुन नसक्ने भएकोले श्री ..................................... लाई मतदान कार्यको रेखदेख तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्त गरेको छु। निजले मेरो तर्फबाट गरेको निर्वाचन सम्बन्धी काम कार्यवाहीमा मेरो मञ्जुरी छ।

**<u>भवदीय</u>**
दस्तखतः
नामः
उपभोक्ता सदस्य नं.:

# अनुसूचि-११

(निर्वाचन नियमावलीको दफा १६ च सँग सम्बन्धित)

## मतदान समाप्त भएको मुचुल्का

नारायणी सामुदायिक वन उपभोक्ता समूह गैंडाकोट ६, ७ र ९ को कार्य समिति र लेखासमिति/अनुगमन र मुल्याङ्कन समितिका पदहरुमा भएको मतदान कार्य मिति २० / / गतेको दिन ........ बजे शुरु भई ........... बजे सम्पन्न भएको ठीक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

मितिः २० / /

.........................................................

मुचुल्का गराउने निर्वाचन संयोजकको दस्तखत

## अनुसूचि-१२

(निर्वाचन नियमावलीको दफा २१ क सँग सम्बन्धित)

<u>मतगणना परिणाम मुचुल्का</u>

नारायणी सामुदायिक वन उपभोक्ता समूह गैंडाकोट ६, ७ र ९ को ................ समितिको ............. पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा ............. मतमध्ये .............. मत बदर भएको र ................. सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१) उम्मेदवार .............................. को प्रतिनिधि श्री ..............................

२) उम्मेदवार .............................. को प्रतिनिधि श्री ..............................

३) उम्मेदवार .............................. को प्रतिनिधि श्री ..............................

स्थानः

मितिः

................................

निर्वाचन संयोजक

## अनुसूचि - १३

(निर्वाचन नियमावलीको दफा २६ सँग सम्बन्धित
नारायणी सामुदायिक वन उपभोक्ता समूह
गैंडाकोट ६, ७ र ९, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)।

<u>प्रमाण- पत्र</u>

श्री ...................................................... ले मिति २० / / मा भएको यस समूहको कार्य समिति/लेखा समिति/अनुगमन र मुल्याङ्कन समितिको ................ पदको निर्वाचनमा निर्विरोध/.............. मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| ........................... | ........................... | ........................... | ........................... | ........................... |
| नामः | नामः | नामः | नामः | नामः |
| सदस्य | सदस्य | सदस्य | सदस्य | संयोजक |
| (निर्वाचन समिति) | (निर्वाचन समिति) | (निर्वाचन समिति) | (निर्वाचन समिति) | (निर्वाचन समिति) |

मितिः २० / / गते

समाप्त